# नेपाल राष्ट्र बैंकको ५९ औं वार्षिकोत्सवका अवसरमा
# गभर्नर डा. युवराज खतिवडाले दिनुभएको
# वक्तव्यको सारांश

आदरणीय पूर्व गभर्नरज्यूहरू
नेपाल राष्ट्र बैंक संचालक समितिका सदस्यज्यूहरू
मेरा सहकर्मी डेपुटी गभर्नरज्यूहरू
आमन्त्रित विशिष्ट महानुभावहरू
नेपाल राष्ट्र बैंक सम्बद्ध कर्मचारी संघ/संगठनका अध्यक्षज्यूहरू
विभिन्न पुरस्कार प्राप्त गर्नुहुने महानुभावहरू
नेपाल राष्ट्र बैंकका सम्पूर्ण कर्मचारी साथीहरू
पत्रकार मित्रहरू !

१. नेपाल राष्ट्र बैंक आज २०७१ साल वैशाख १४ गते आफ्नो स्थापनाको ५८ औं वर्ष पूरा गरी ५९ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा म बैंकले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सशक्त भूमिका निर्वाह गर्ने यस बैंकका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको कार्य सम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु, सञ्चार माध्यम तथा शुभेच्छुकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२. आर्थिक वर्ष २०७०/७१ को हालसम्मको अवधिमा समष्टिगत आर्थिक परिसूचकहरुको स्थिति सन्तोषप्रद रहेको छ । आर्थिक वृद्धि अपेक्षित दरमा हासिल हुने र समग्र वाह्य क्षेत्र सन्तुलन अझ सुदृढ हुँदै गएको अवस्था छ । तर वस्तु व्यापार घाटा र मूल्यमा भने केही चाप परिरहेको छ । विप्रेषण आप्रवाह र वैदेशिक सहायतामा भएको वृद्धिको कारण शोधनान्तर बचत उल्लेख्य रुपमा बढ्नुका साथै बैंकिङ्ग क्षेत्रमा उच्च तरलताको स्थिति कायम रहेकोले अल्पकालीन ब्याजदरहरु घटेका छन् । आर्थिक वर्षको पछिल्लो अर्धवार्षिक अवधिको शुरुदेखि निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा सुधार आउन थालेको छ । भारतीय मुद्रासँगको स्थिर विनिमयदरको कारण चालू आर्थिक वर्षको शुरुका केही महिनाहरुमा अमेरिकी डलर लगायतका परिवर्त्य मुद्रासँग नेपाली रुपैयाँ कमजोर हुँदै गएतापनि पछिल्लो समयमा विनिमय दरमा स्थिरता कायम हुँदै गएको छ ।

३. चालू आर्थिक वर्षमा संविधान सभाको निर्वाचन सम्पन्न भई राजनैतिक संक्रमणकालीन अवस्थामा सुधार आएको, मौसमी अनुकूलताको कारण कृषिजन्य उत्पादन बढ्ने देखिएको, श्रम सम्बन्धमा सुधार आउने क्रम जारी रहेको र सरकारको पूर्ण आकारको बजेट समयमै आएको एवम् पूँजीगत खर्चले गति लिन थालेको आधारमा यस वर्ष लक्षित आर्थिक वृद्धिदर हासिल हुन सक्ने देखिन्छ ।

४. आर्थिक वर्ष २०७०/७१ को आठौं महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर १०.८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहमा ७.१ प्रतिशतले वृद्धि भएको छ । मुख्य खाद्यान्न बालीहरुको उत्पादनको अवस्था राम्रो रहेकोले आगामी दिनमा खाद्यान्नको मूल्य वृद्धिदर घट्न गई आर्थिक वर्षको अन्त्यसम्ममा मुद्रास्फीति दरमा सुधार आउन सक्ने देखिएतापनि वार्षिक औसत मुद्रास्फीति दर लक्षित ८ प्रतिशतभन्दा केही माथि रहने संशोधित अनुमान छ ।

५. आर्थिक वर्ष २०७०/७१ को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ६१ अर्ब ९७ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकाले सरकारी बजेट बचत उल्लेख्य रहेको हो । २०७० चैत मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ८६ अर्ब ९२ करोड नगद मौज्दात रहेको छ ।

६. आर्थिक वर्ष २०७०/७१ को आठ महिनासम्ममा कुल वस्तु निर्यात १९.४ प्रतिशतले वृद्धि भएको तर कुल वस्तु आयात २७ प्रतिशतले वृद्धि भएकोले वस्तु व्यापार घाटा २८.२ प्रतिशतले वृद्धि भई रु. ३९६ अर्ब ९६ करोड पुगेको छ ।

७. समीक्षा अवधिमा चालू खाता रु. ६८ अर्ब ४१ करोडले बचतमा रहेको छ । खासगरी सेवा आय, अनुदान तथा विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिको कारण समीक्षा अवधिमा चालू खाता बचत उच्च रहन गएको हो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३४.१ प्रतिशतले बढी रु. ३५६ अर्ब ७२ करोड पुगेको छ । बलियो चालू खाता र वित्तीय खाताको बचत समेतको कारण समीक्षा अवधिमा मुलुकको समग्र शोधनान्तर स्थिति रु. १०२ अर्ब ८१ करोडले बचतमा रहेको छ ।

८. २०७० फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. ६५३ अर्ब ४२ करोड पुगेको छ । अमेरिकी डलरमा भने कुल सञ्चिति अमेरिकी डलर ६ अर्ब ७० करोड पुगेको छ । विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर झण्डै १ वर्षको वस्तु आयात र १० महिना भन्दा बढीको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

९. आर्थिक वर्ष २०७०/७१ को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.८ प्रतिशतले वृद्धि भएको छ भने संकुचित मुद्राप्रदाय १०.९ प्रतिशतले वृद्धि भएको छ । सो अवधिमा निजी क्षेत्रतर्फको कर्जा ११.१ प्रतिशतले वृद्धि भएको छ ।

१०. आर्थिक वर्ष २०७०/७१ को आठ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ९.७ प्रतिशतले बढी रु. १३०३ अर्ब ५६ करोड पुगेको छ भने कुल कर्जा तथा लगानी ९.७ प्रतिशतले नै बढी रु. १२५९ अर्ब ३१ करोड पुगेको छ ।

११. शेयर बजारको प्रवृत्ति मापन गर्ने नेप्से परिसूचकमा सुधार आएको छ । नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ४३.६ प्रतिशतले वृद्धि भई २०७० चैत मसान्तमा ८१७.७ विन्दुमा पुगेको छ ।

**अब म समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकद्वारा सम्पन्न गरिएका प्रमुख कार्यहरु तथा वित्तीय क्षेत्रको अवस्थाका बारेमा प्रकाश पार्न चाहन्छु ।**

१२. मौद्रिक क्षेत्र केही हदसम्म अधिक तरलतामा रहेपनि समग्र कर्जाको वृद्धिदर लक्ष्य भित्रै रहेकाले कठोर मौद्रिक नीतितर्फका धेरै कदमहरू चालिएका छैनन् । तथापी मौद्रिक नीतिको मासिक रुपमा समीक्षा गर्न थालिएको छ । यसबाट मौद्रिक अवस्थाको नियमित अनुगमन भई मौद्रिक व्यवस्थापनको कार्य प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

१३. आर्थिक वर्ष २०७०/७१ को नौ महिनासम्ममा रिभर्स रिपोमार्फत् पटक-पटक गरी रु. ३४८ अर्ब र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन गरिएको छ ।

१४. आर्थिक वर्ष २०७०/७१ को नौ महिनामा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा उल्लेख्य कमी आएको छ ।

१५. कर्जाको ब्याजदर निर्धारण प्रक्रियालाई पारदर्शी एवम् प्रतिस्पर्धी बनाउन वाणिज्य बैंकहरुमा लागू गरिएको आधार ब्याजदरको अवधारणा २०७० पुसदेखि विकास बैंक र वित्त कम्पनीहरुमा समेत लागू गरिएको छ । वाणिज्य बैंकहरुको आधार ब्याजदर २०७० फागुन महिनामा न्यूनतम ५.२ प्रतिशत, अधिकतम ११.९ प्रतिशत रही औसत ८.६ प्रतिशत रहेको छ ।

१६. वित्तीय मध्यस्थतामा कुशलता अभिवृद्धिको लागि “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा तथा निक्षेपबीचको औसत ब्याजदर अन्तरलाई २०७१ असार मसान्तसम्म ५ प्रतिशतभित्र राख्नुपर्ने गरी स्प्रेडदर गणना विधि सहितको निर्देशन जारी गरिएको छ । २०७० फागुन महिनामा वाणिज्य बैंकहरुको कर्जा र निक्षेपबीचको ब्याजदर अन्तर ६.७ प्रतिशत रहेको छ ।

१७. वित्तीय समावेशिताका लागि लघुवित्तका क्षेत्रमा बैंकको भूमिका उल्लेख्य रहँदै आएको छ । ग्रामीण स्वावलम्बन कोषबाट २०७० साल पुस मसान्तसम्ममा ८२५ वटा सहकारी संस्था र ५३ वटा गैर-सरकारी संस्था र एउटा वाणिज्य बैंकलाई दीर्घकालीन कर्जा गरी कुल ८७९ संस्थाहरुलाई रु. १ अर्ब ३४ करोड कर्जा प्रवाह भएको छ । कोषबाट उपलब्ध गराइएको कर्जाबाट ४३ हजार भन्दा बढी घर परिवार प्रत्यक्ष रुपले लाभान्वित भएका छन् ।

१८. एशियाली विकास बैंकको अनुदान सहयोगमा सुदूर-पश्चिमाञ्चलका ५ र मध्यपश्चिमाञ्चलका ५ गरी १० जिल्लामा साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना स्थापना भई सञ्चालनमा आएको छ । त्यस्तै, संयुक्त राष्ट्र संघीय पूँजी विकास कोषको सहयोगमा Mobile Money for the Poor विषयक कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

१९. वित्तीय समावेशीकरणलाई अरु प्रभावकारी बनाउन विद्यमान शाखा स्थापना सम्बन्धी नीतिलाई पुनरावलोकन गरी अति दुर्गम जिल्लामा एउटा र अन्य जिल्लाहरुमा दुईवटा शाखा स्थापना गरेपछि मात्र काठमाडौँ उपत्यकामा एकवटा शाखा स्थापना गर्न पाउने व्यवस्था गरिएको छ । उपत्यकाभित्र चक्रपथ बाहिरका बस्तीहरुमा बैंकिङ्ग सेवा विस्तार गर्ने उद्देश्य लिइएको छ भने लघुवित्त संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको छ ।

२०. वित्तीय मध्यस्थताको काम गर्न अनुमतिपत्रप्राप्त गैर-सरकारी संस्थाहरुलाई आवश्यक प्रक्रिया पूरा गरी २०७२ असार मसान्तसम्ममा “घ” वर्गको लघुवित्तीय संस्थामा परिणत भइसक्नुपर्ने व्यवस्था गरिएको छ ।

२१. २०७० चैत मसान्तसम्ममा वाणिज्य बैंकका शाखाहरुको संख्या १५१४ पुगेको छ भने विकास बैंकको ८१० र वित्त कम्पनीहरुको २४९ समेत गरी बैंक तथा वित्तीय संस्थाहरुको कुल शाखा संख्या २५७३ पुगेको छ । त्यसैगरी, “घ” वर्गका लघुवित्तीय संस्थाहरुको कुल शाखा संख्या ८०३ पुगेको छ ।

२२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा विद्यमान कतिपय व्यवस्थाहरु वर्तमान वित्तीय प्रणालीको चुनौतीलाई व्यवस्थापन गर्ने सन्दर्भमा अपर्याप्त भएको हुँदा त्यसमा समसामयिक सुधार गरी संशोधनका लागि नेपाल सरकार समक्ष पेश गरिएको छ भने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न मस्यौदा तयार पार्ने काम भइरहेको छ ।

२३. नेपाल सरकारको Development Policy Credit कार्यक्रम अन्तर्गत Department for International Development (DFID), UK को आर्थिक तथा प्राविधिक सहायतामा अन्तर्राष्ट्रिय कन्सल्टिङ्ग फर्म र स्थानीय साझेदारहरुबाट संयुक्त रुपमा नेपालका ५४ वटा बैंक तथा वित्तीय संस्थाहरुको विशेष निरीक्षण गर्ने कार्य शुरु भइसकेको छ ।

२४. नेपालको वित्तीय क्षेत्रको समग्र विश्लेषण तथा मूल्याङ्कन गरी वित्तीय स्थायित्व र आर्थिक विकासमा वित्तीय क्षेत्रको भूमिका सशक्त तुल्याउन नीतिगत र रणनीतिगत रुपमा सहयोग पुर्‍याउने उद्देश्यले अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको संयुक्त तत्वावधानमा Financial Sector Assessment Program (FSAP) सम्पन्न भएको छ ।

२५. वित्तीय स्थायित्व कायम गर्ने, वित्तीय पहुँच बढाउने र वित्तीय क्षेत्रको विकास एवम् विस्तारबाट उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गर्नको लागि अर्थमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय स्टेरिङ्ग कमिटी र वरिष्ठ डेपुटी गर्भनरको संयोजकत्वमा प्राविधिक समिति गठन भएका छन् । साथै, ५ वटा विषयगत उप-समितिहरु समेत गठन भई रणनीति तयारी गर्ने कार्य अघि बढिरहेको छ ।

२६. समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको यथोचित व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा बैंक रिजोल्युशन फ्रेमवर्क तयार गरी जारी गरिएको छ । यसको लागि बैंकमा समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा गठन गरिएको छ ।

२७. संस्थागत स्थायित्वको खोजी गरिरहेका वा प्रणालीबाट बहिर्गमन चाहिरहेका बैंक तथा वित्तीय संस्थालाई अपेक्षित रुपमा ठूलो र सबल संस्थामा विलय हुने अवसर प्रदान गरी वित्तीय प्रणालीको एकीकरणलाई प्रोत्साहित गर्न "बैंक तथा वित्तीय संस्था प्राप्त गर्ने सम्बन्धी विनियमावली, २०७०" जारी गरिएको छ ।

२८. वित्तीय स्थायित्व अहिलेको ज्वलन्त सवाल भएको परिप्रेक्ष्यमा बैंकले वित्तीय स्थायित्व प्रतिवेदन प्रकाशन गर्न शुरु गरेकोमा त्यसलाई निरन्तरता दिइएको छ ।

२९. यस बैंकले "क" वर्गका बैंकको लागि "आन्तरिक पूँजी पर्याप्तता मूल्याङ्कन प्रक्रिया" नामक मार्गदर्शन जारी गरेको छ । यसबाट बैंकहरुलाई पूँजी पर्याप्तता मापन गर्न एवम् परिपूर्ति गर्ने योजना बनाउन सुगम हुने विश्वास लिइएको छ ।

३०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने विनियमावली कार्यान्वयनमा आएपछि २०७० चैत मसान्तसम्म ५३ वटा बैंक तथा वित्तीय संस्थाहरु एकआपसमा गाभिई २१ वटा संस्था कायम हुन पुगेका छन् भने १५ वटा संस्था गाभिएर ६ वटा संस्था बन्न सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

३१. सुधार योजना कार्यान्वयनको क्रममा रहेका नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक लि. को चुक्ता पूँजीमा उल्लेख्य वृद्धि भएको, दुवै बैंकको निक्षेप उल्लेख्य रुपमा वृद्धि भएको, निष्कृय कर्जाको मात्रा क्रमशः घट्दै गएको तथा समीक्षा अवधिमा बैंकहरु मुनाफामा सञ्चालनमा रहेको कारण समग्रमा दुबै बैंकको वित्तीय अवस्था सुधारोन्मुख रहेको देखिएको छ ।

३२. प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक सबै वाणिज्य बैंकहरुको समष्टिगत स्थलगत निरीक्षण गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७०/७१ को चैत मसान्तसम्ममा १३ वटा वाणिज्य बैंक, ७७ वटा विकास बैंक र ३३ वटा वित्त कम्पनीहरुहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

३३. विद्यमान निरीक्षण तथा सुपरिवेक्षण पद्धतिलाई क्रमशः जोखिममा आधारित सुपरिवेक्षण पद्धतितर्फ उन्मुख गराउनको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहायतामा जोखिममा आधारित Onsite Inspection Manual तयार भई वाणिज्य बैंकहरुमा समानान्तर रुपले लागूगर्ने कार्य भइरहेको छ ।

३४. बासेलका मूल सिद्धान्तहरु (Basel Core Principles) को नेपालमा कार्यान्वयनको अवस्थाको मूल्यांकन र तत्सम्बन्धमा भावी दिनमा रणनीति तय गर्न सघाउ पु¥याउने उद्देश्यले बासेल मूल सिद्धान्तहरुको कार्यान्वयन अवस्थाको स्वमूल्याङ्कन (Basel Core Principle Self Assessment) कार्य सम्पन्न भइसकेको छ ।

३५. आर्थिक वर्ष २०७०/७१ को चैत मसान्तसम्मको अवधिमा यस बैंकबाट तोकिएको पूँजीकोष नपुऱ्याएको कारण ४ वटा विकास बैंकलाई शीघ्र सुधारात्मक कारवाही गरिएको छ भने सो मध्ये एक विकास बैंकले पूँजी पुऱ्याएको कारण कारबाही फुकुवा गरिएको छ ।

३६. यस बैंकबाट जारी निर्देशन, प्रचलित ऐन एवम् कानून विपरीत हुने गरी कामकारवाही सञ्चालन गरेको र सो का कारण संस्थाको वित्तीय स्थिति क्रमशः खस्कदै गई सर्वसाधारणको निक्षेप जोखिममा पर्न गएको कारण समीक्षा अवधिमा एक विकास बैंक तथा दुईवटा वित्त कम्पनीहरुलाई समस्याग्रस्त घोषणा गरिएको छ । यी संस्थाहरुको तत्काल सुधारात्मक निकासका लागि कार्ययोजना पेश गर्न लगाइएको छ ।

३७. २०६९ फागुन मसान्तसम्म विभिन्न दरका रु. २१३ अर्ब ५५ करोड बराबरको नोट चलनचल्तीमा रहेकोमा २०७० फागुन मसान्तसम्ममा थप रु. ४६ अर्ब ७५ करोड बराबरको नोट निष्काशन भई चलनचल्तीमा रहेको कुल नोट रकम रु. २६० अर्ब ३० करोड पुगेको छ । २०७० चैत मसान्तमा रु. ११९ अर्ब १२ करोड बराबरको विभिन्न दरका नयाँ नोट स्टकमा रहेको छ ।

३८. “क” वर्गका वाणिज्य बैंकहरुलाई मात्र नोटकोषमा पहुँच दिइँदै आएकोमा २०७० सालदेखि राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरुलाई समेत पहुँच दिने व्यवस्थासहित नोटकोष सञ्चालन निर्देशिका २०७० कार्यान्वयनमा ल्याइएको छ ।

३९. कर्मचारीको वृत्ति विकास र क्षमता वृद्धिका लागि थप प्रयासहरु भएका छन् । कर्मचारी सेवा विनियमावलीको संशोधन अन्तिम चरणमा पुगेको छ भने नयाँ सरुवा नीति तर्जुमा गरिएको छ । पदपूर्तिको कार्यलाई यथासम्भव तालिका अनुसार अघि बढाइएको छ । यस बैंकमा २०७० चैत मसान्तसम्ममा अधिकृत स्तरका ८३७, सहायक स्तरका ३९८ र श्रेणीविहीन कार्यालय सहयोगी स्तरमा १५८ गरी जम्मा १३९३ कर्मचारीहरु कार्यरत रहेका छन् ।

४०. स्वीकृत दरबन्दीको आधारमा पदपूर्ति गरिने प्रशासन सेवातर्फको ७७ रिक्त पदमध्ये १९ र प्राविधिक सेवातर्फको ५ रिक्त पदमध्ये ५ मूल्याङ्कन बढुवाद्वारा पूर्ति गरिएको छ ।

४१. जनशक्तिसँग सम्वद्व अभिलेख तथा सूचनाहरुलाई चुस्त-दुरुस्त राखी जनशक्ति सम्बन्धी क्रियाकलापहरु प्रभावकारी रुपमा अगाडि बढाउने उद्देश्यले जनशक्ति व्यवस्थापन सूचना प्रणाली सम्बन्धी सफ्टवेयर निर्माण गर्ने कार्य अगाडि बढिरहेको छ । उक्त सफ्टवेयर चाँडै नै पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने लक्ष्य रहेको छ ।

४२. २०६९ चैत्र १ देखि २०७० फागुन मसान्त सम्ममा कुल ४६३ जना अधिकृत तथा सहायकस्तरका कर्मचारीहरु विदेशमा सञ्चालन भएको सेमिनार, गोष्ठी, बैठक, सम्मेलन, अध्ययन भ्रमण तथा तालिमहरुमा सहभागी भएका छन् ।

४३. नेपाल राष्ट्र बैंकको लेखा व्यवस्था, लेखाङ्कन पद्धति तथा सोसँग सम्बन्धित व्यवस्थापन सूचना प्रणालीलाई आधुनिक, भरपर्दो, समयसापेक्ष र अन्तर्राष्ट्रिय प्रचलन अनुसारको बनाउन खरिद गरिएको Core Central Banking Software २०७० साल वैशाख २ गतेबाट कार्यान्वयनमा आएको छ ।

४४. अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा यस बैंकबाट सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी सुपरिवेक्षण मार्गदर्शन निर्माण भई परीक्षणको क्रममा रहेको छ । साथै, सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६८–२०७३) बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी राष्ट्रिय जोखिम अध्ययन भई अध्ययन प्रतिवेदन मस्यौदा भइरहेको छ ।

४५. नेपाल राष्ट्र बैंकबाट समाशोधन गृहको कार्य Manually सञ्चालन भइरहेकोमा मिति २०७० चैत २६ गतेदेखि Electronic Cheque Clearing सेवा मार्फत देशभरका सबै बैंक तथा वित्तीय संस्थाहरुलाई विद्युतीय माध्यमबाट चेक समाशोधन गर्ने सुविधा प्राप्त हुन थालेको छ ।

४६. नगद भारतीय मुद्राको आपूर्तिलाई सहज तुल्याउने उद्देश्यले यस बैंकले भारतीय रिजर्व बैंकमा रहेको खाताबाट नगद निकाल्न सक्ने रकम भा.रु. ५ अर्ब पुऱ्याइएको छ भने सर्वसाधारणबाट भारतीय मुद्राको बढी माग भएका स्थानहरुमा भा.रु. कोषको कारोबार सीमा समेत बढाइएको छ ।

४७. ICT Research and Development Unit को स्थापना गर्न प्राविधिक पक्षको अध्ययन गरी प्रतिवेदन तयार भई रहेको छ भने Real Time Gross Settlement (RTGS) कार्यान्वयनको लागि सम्भाव्यता अध्ययन गर्न प्राविधिक पक्षको अध्ययन भइरहेको छ ।

४८. तरलता व्यवस्थापनमा सुधार गर्न यस बैंकबाट सञ्चालन गरिने खुला बजार कारोबारलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरु बारे अध्ययन सम्पन्न गरिएको छ ।

४९. उच्च परिमाणमा बढ्दै गएको विदेशी मुद्रा सञ्चितिको सुरक्षित तथा प्रतिफलयुक्त लगानी गरी आम्दानी बढाउनका लागि लगानी विविधिकरण गरिएको छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय रुपमा बढ्दै गएको चिनियाँ मुद्रा युआनको महत्व र चीनसँगको व्यापारको स्थितिलाई समेत ध्यानमा राखी चिनियाँ सरकारी ऋणपत्रमा पनि लगानी प्रारम्भ गरिएको छ । त्यस्तै, भारतीय मुद्रामा भारत सरकारको अल्पकालीन ट्रेजरी बीलमा हुँदै आएको लगानीको रकम पनि बढाउँदै लगिएको छ । लगानीको पोर्टफोलियो विविधिकरणबाट बैंकको आम्दानी र मुनाफामा उल्लेख्य वृद्धि हुन सकेको छ ।

५०. नेपाल तथा भारतबीच कृषि उत्पादनको लागतमा रहेको भिन्नता, नेपाल तथा भारतको सीमा वारिपारि हुने वित्तीय प्रवाहको स्थिति तथा नेपाली वस्तुहरुको भारततर्फको निकासीमा विद्यमान व्यवधानहरु गरी तीन विषयमा वाह्य विशेषज्ञ निकायहरुबाट अध्ययन कार्य गराइएकोमा उक्त अध्ययनहरुको मस्यौदा प्रतिवेदन प्राप्त भएका छन् ।

५१. यस बैंकबाट प्रकाशित गरिंदै आएको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्नको निमित्त नेपाली घरपरिवारले उपभोग गर्ने वस्तु र सेवाहरुको विवरण संकलन गरी सोको आधारमा परिमार्जित भार सहितको वस्तु र सेवाहरुको डालो (Commodity Basket) तयार गर्ने उद्देश्यले पाँचौं पारिवारिक बजेट सर्वेक्षणको फिल्ड स्तरको कार्य २०७० फागुन १ गतेदेखि प्रारम्भ गरिएको छ ।

५२. नेपाल सदस्य रहेको १९ सदस्यीय SEACEN Centre को गभर्नरहरुको बैठक नेपालमा २६ वर्षपछि सम्पन्न गरिएको छ । २०१३ नोभेम्बरमा "समावेशी विकासका लागि वित्तीय क्षेत्र विकास रणनीति" मूल विषयमा दक्षिणपूर्वी एशियाली केन्द्रीय बैंकका गभर्नरहरुको सो अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा सफलतापूर्वक सम्पन्न भएको छ ।

५३. SEACEN Centre कै समन्वयमा नेपालमा अन्तर्राष्ट्रिय स्तरको Advanced Course on Macroeconomic and Monetary Policy Management विषयक उच्चस्तरीय तालिम र SEACEN Intermediate Course on Macroeconomic Modelling and Forecasting विषयक तालिम आयोजना गरिएको छ भने सार्क भुक्तानी परिषद्को पन्ध्रौं बैठक र सार्क फाइनान्स कोअर्डिनेटरहरुको उन्नाइसौं बैठक एवम् गोष्ठी आउने मे महिनामा आयोजना गर्ने तयारी अन्तिम चरणमा पुगेको छ ।

५४. अन्य केन्द्रीय बैंक तथा वित्तीय संस्थाहरुबाट स्रोत व्यक्ति आमन्त्रण गरी ज्ञान आदान-प्रदान कार्यक्रम संचालन गर्ने र यस्तो कार्यक्रमको माध्यमबाट बैंकका कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने कामलाई रणनीतिक रुपमा अघि बढाइएको छ

५५. तरलता व्यवस्थापन एवम् खुला बजार सञ्चालन कार्यलाई व्यवस्थित, प्रभावकारी एवम् कुशल बनाउन खुला बजार कारोबार नियमावलीको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ ।

५६. बैंकको खर्च प्रणालीलाई अझ पारदर्शी र व्यवहारिक तुल्याउन नेपाल राष्ट्र बैंक, खर्च व्यवस्था विनियमावली, २०६४ लाई आवश्यक संशोधन गरिएको छ । बैंकभित्रको आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी तुल्याउन सम्बन्धित विभागहरुलाई लेखापरीक्षण समितिबाट विभिन्न निर्देशन दिइएको छ ।

५७. बैंकको पूर्वाधार विकासका लागि थापाथली र ठिमीस्थित बैंकको जमीनमा कार्यालयहरु तथा तालीम केन्द्र एवम् निवास निर्माण गर्न जमिनको मास्टर प्लान तयार भई आवश्यक कार्य अघि बढिरहेको छ ।

**अन्त्यमा,**

५८. मुलुकमा संविधानसभाको नयाँ निर्वाचन सम्पन्न भएको र आगामी एक वर्षभित्रै संविधान बन्ने तथा राजनीतिक संक्रमणकाल छोटिने आधार बन्दै गएको सन्दर्भमा आर्थिक वृद्धि, रोजगारी सृजना, मूल्य वृद्धि नियन्त्रण र गरिबी निवारणको लक्ष्य हासिल गर्नेतर्फ नेपाल राष्ट्र बैंकको प्रयास रहनु आवश्यक रहेको छ । सन्तुलित मौद्रिक, वाह्य क्षेत्र तथा वित्तीय क्षेत्र नीतिहरूको कार्यान्वयनबाट आर्थिक स्थायित्व कायम गरी उच्च आर्थिक वृद्धिको लागि अनुकूल वातावरण सृजना गर्ने कार्यमा बैंक प्रतिवद्ध रहेको छ ।

५९. मुलुकमा वित्तीय पहुँच, संस्थागत सुशासन तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्ने, तथ्याङ्क संकलन र सम्प्रेषण कार्यको अन्तराल घटाउने, अध्ययन-अनुसन्धान कार्यलाई परिष्कृत बनाउने र बैंकको कारोबारहरुलाई स्वचालित ढंगमा सञ्चालन गर्ने दिशामा उल्लेखनीय उपलब्धि हासिल भएको कुरा सबैका सामु प्रष्ट नै छ । यसबाट आगामी दिनमा बैंकको कामकारबाहीमा प्रभावकारिता आई बैंकले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

६०. यस बैंकको कामकारबाहीमा विभिन्न तवरले सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, निजी क्षेत्रका संघ-संस्थाहरु, प्रबुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरु र जनसाधारणलाई यस अवसरमा म धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि बैंकलाई यस प्रकारको सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**१४ वैशाख २०७१**